आज मिति २०७८/०५/१० गते विहिबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी नायब उपरीक्षक | - श्री मनोज कुमार लामा | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिक बहादुर कार्की | - सदस्य |
| बरिष्ट अनुसन्धान सहायक | - श्री कमल थापा | - सदस्य |
| सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| बरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री बसन्त माझी, प्रदेश सभा सदस्य, ने.क.पा. माओबादी केन्द्र

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री उज्वल बराल, नेपाली कांग्रेस

श्री सुरज स्याङ्तान, जनता समाजबादी पार्टी,

श्री शुक्र बहादुर विसंखे, राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री महेन्द्र देव श्रेष्ठ,अध्यक्ष, सिद्धेश्वर खानेपानी तथा सरसफाइ समुह

श्री अर्जुन कुमार श्रेष्ठ, उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री ~~नवराज पहाडी~~ उत्पल खड्का, गैर सरकारी संस्था महासंघ सचिव

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री अनिल भण्डारी, नेपाल पत्रकार महासंघ

श्री दिपक घिमिरे, सिड्स नेपाल

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

निर्णयहरु:

१. सिन्धुली जिल्लामा आजको मितिसम्म कोभिड-१९ का सक्रिय संक्रमित १२६ रहेको र कोभिडका कारण ४३ जनाले ज्यान गुमाउनु भएको छ । जिल्लाको कोभिड-१९ को स्थितिमा केही सुधार आएतापनि अझै सजगता अपनाइ मास्क लगाउने, सामाजिक दूरी कायम गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । स्मार्ट लकडाउन कार्यविधि, २०७८ बमोजिम कोभिडको अवस्था विश्लेषण गरी मिति २०७८/०५/१७ गते राती १२:०० बजेसम्म तपशिल बमोजिम हुनेगरी निषेधाज्ञालाई निरन्तरता दिने ।

तपशिल:

क) पसल व्यवसायहरु स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई विहान ६:०० बजे देखि वेलुका ८:०० बजे सम्म संचालन गर्न दिने ।

ख) निजी नम्बर प्लेटका सवारी साधनलाई स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई जिल्ला भर संचालन गर्न दिने ।

ग) सरकारी कार्यालय, सार्वजनिक संस्थानहरु, बैंक तथा वित्तीय संस्थाहरुले स्वास्थ्य सुरक्षाको मापदण्ड कायम गरी भिडभाड नगराई संचालन गर्ने ।

घ) होटल व्यवसाय, सैलुन, पार्टी प्यालेस स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई सञ्चालन गर्ने ।

ङ) सिन्धुली जिल्ला भित्र (छोटो दूरी) मात्र स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई सिटमा मात्र यात्रु राख्न पाउने गरी सार्वजनिक यात्रुबाहक सवारी साधन संचालन गर्न दिने । सार्वजनिक यात्रु बाहक सवारी साधन संचालन गर्दा चालक, सहचालक र यात्रुले अनिवार्य मास्क लगाउने व्यवस्था गर्नु पर्ने, सेनिटाईजरको प्रयोग गर्ने र सामाजिक दूरी कायम गरी सवारी साधन समय समयमा निष्संक्रमित गरेर मात्र संचालन गर्ने ।

च) लामो समयदेखि भौतिक रुपमा विद्यालय संचालन नभएको, सबै विद्यार्थीको पँहुचमा इन्टरनेट नभएको, कोभिड-१९ को जिल्लाको अवस्था विश्लेशण गर्दा घट्ने क्रममा रहेको हुनाले स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम Soft Lock Down को अवस्थामा देखिएको हुँदा कक्षा ८ देखि माथिका कक्षाहरु स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै परीक्षा संचालन तथा सम्बन्धीत कक्षाको कुल क्षमताको ३३ प्रतिशत नबढ्नेगरी आलोपालो समेतको उपयुक्त बैकल्पिक विधि अपनाइ भौतिक उपस्थितिमा कक्षा संचालन गर्न स्थानीय तहको सिफारिसमा DCCMC ले स्वीकृत दिने । DCCMC को बैठक दैनिक रुपमा बस्न नसक्ने भएकोले जिल्लाका स्थानीय तहबाट सिफारिस भई आएमा स्मार्ट लकडाउन कार्यविधि, २०७८ बमोजिम DCCMC को अध्यक्षलाई कक्षा ८ देखि माथिका कक्षा संचालन गर्न स्वीकृतिको अधिकार दिने ।

छ) कमलामाई नगरपालिकाको चलानी नं.३१० मिति २०७८/०५/०९ गतेको पत्र र दुधौली नगरपालिकाको चलानी नं. ५०९ मिति २०७८/०५/०९ गतेको प्राप्त पत्रानुसार कक्षा ८ देखि कक्षा १२ सम्मको विद्यालय स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाइ संचालन गर्न स्वीकृतिको लागि सिफारिस भइ आएको हुँदा स्मार्ट लकडाउन सम्बन्धी कार्यबिधि, २०७८ बमोजिम कक्षा ८ देखि १२ सम्मका कक्षाहरु स्वास्थ्य सुरक्षाका मापदण्ड (मास्क, सेनिटाइजर, भौतिक दुरी) पालना गर्दै

सम्बन्धित कक्षाको कुल क्षमताको ३३ प्रतिशत नबढ्ने गरी आलोपालो समेतको उपयुक्त बैकल्पिक विधि अपनाई भौतिक उपस्थितिमा कक्षा संचालन गर्न स्वीकृति दिने ।

२. जिल्ला विपद् व्यवस्थापन समितिको अनुरोधमा सिड्स नेपाल, सिन्धुली र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहयोगमा तपशिल बमोजिमका विपद् नियन्त्रण र उद्धार सामग्रीहरु हस्तान्तरण भएकोले दुबै संस्थालाई धन्यबाद दिइयो । प्राप्त सामग्रीहरु नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई हस्तान्तरण गर्ने ।

<u>तपशिल:</u>

| सि.नं | सामानको नाम | बर्द बहादुर गण | जिल्ला प्रहरी कार्यालय | सशस्त्र प्रहरी बल | जम्मा |
|---|---|---|---|---|---|
| १ | हेल्मेट | ५ | ५ | ५ | १५ |
| २ | साबेल | ५ | ५ | ५ | १५ |
| ३ | बुट | ५ | ५ | ५ | १५ |
| ४ | वाटर ग्लास | ५ | ५ | ५ | १५ |
| ५ | डोरी (रोल) | १ | १ | १ | ३ |
| ६ | ग्लोभ्स | ५ | ५ | ५ | १५ |
| ७ | लाइफ ज्याकेट | ५ | ५ | ५ | १५ |
| ८ | पिक एक्स | ५ | ५ | ५ | १५ |
| ९ | चेन स | - | १ | १ | २ |